# नेपाल कानून परिचर्चा

अङ्क १ ● २०७६

सम्पादक
प्रा.डा. लक्ष्मीप्रसाद मैनाली

प्रकाशक
**नेपाल ल क्याम्पस**
कानून संकाय, त्रिभुवन विश्वविद्यालय
प्रदर्शनीमार्ग, काठमाडौं ।

# नेपाल कानून परिचर्चा

**प्रकाशक**
**नेपाल ल क्याम्पस**
कानून संकाय, त्रिभुवन विश्वविद्यालय
प्रदर्शनीमार्ग, काठमाडौं ।

©नेपाल ल क्याम्पस, २०७६

मुल्य : रू. ५००/-

**ISSN: 2717-4891**

**प्रति** : २०००
**मुद्रित** : त्रिभुवन विश्वविद्यालय, छापाखाना, कीर्तिपुर, काठमाडौं ।

यस परिचर्चामा प्रकाशित लेखहरूमा उल्लिखित धारणा स्वयं लेखकहरूका निजी धारणा हुन् । सम्बन्धित लेखहरूको धारणाले नेपाल ल क्याम्पसको धारणालाई प्रतिविम्वित गर्ने छैन ।

# नेपाल कानून परिचर्चा

## सल्लाहकार समिति

**संरक्षक**

प्रा.डा. विजयसिंह सिजापती, डीन, कानून संकाय, त्रिभुवन विश्वविद्यालय

**सल्लाहकारहरू**

- प्रा.डा. धर्मकान्त बाँस्कोटा, उपकुलपति, त्रिभुवन विश्वविद्यालय
- प्रा.डा. सुधा त्रिपाठी, शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय
- श्री डिल्लीराम उप्रेती, रजिष्ट्रार, त्रिभुवन विश्वविद्यालय
- प्रा.डा. लक्ष्मीप्रसाद मैनाली, प्रमुख, कानून केन्द्रीय विभाग/सभा सदस्य, त्रिभुवन विश्वविद्यालय
- प्रा. पूर्णमान शाक्य, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय
- प्रा.डा. कृष्ण बेलबासे, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय
- प्रा. रमेशराज प्रधान, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय
- प्रा.डा. नूतनचन्द्र सुवेदी, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय
- प्रा.डा. बलबहादुर मुखिया, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय
- प्रा.डा. शशीकुमारी अधिकारी राउत, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय
- श्री कर्णबहादुर थापा, सभापति, त्रिभुवन विश्वविद्यालय, प्राध्यापक संघ, नेपाल ल क्याम्पस इकाई

## सम्पादक मण्डल

**प्रधान सम्पादक**

डा. डी.एन. पराजुली, क्याम्पस प्रमुख, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**सम्पादक**

प्रा.डा. लक्ष्मीप्रसाद मैनाली

# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE
मिति: २०७६।०७।२७
Date:

पत्र संख्या:-
Ref. No.
चलानी नं.:-

**डीनको मन्तव्य**

कानूनी जनशक्तिको क्षमता विकासका लागि कानूनको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्दै आई रहेको नेपाल ल क्याम्पसले लामो समयको अन्तरालमा यस वर्षदेखि पुन: नेपाली भाषामा समेत लेख रचनालाई समावेश गरी "कानून परिचर्चा" को प्रथम अङ्क प्रकाशित गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

नेपाल ल क्याम्पसको उद्देश्य अनुरुप कानूनका समसामायिक विषयसँग सम्बन्धित, अनुसन्धान मूलक लेखहरु प्रकाशित गरी सहज, सुलभ र प्रभावकारी भूमिका निर्वाह गर्दै आएको सन्दर्भमा नेपाली भाषामा प्रकाशित प्रस्तुत अनुसन्धानमूलक कानून पत्रिका "कानून परिचर्चा" मा प्रकाशित खोज मूलक लेखहरुको संगालोले कानूनी साहित्यमा विशेष टेवा पुग्नुको साथै यस क्षेत्रमा विकसित नवीनतम अवधारणा मूल्य र मान्यताको जानकारी प्रवाह गर्न समेत सहयोगी हुनेछ भन्ने कुरामा मलाई विश्वास लागेको छ । प्रस्तुत "कानून परिचर्चा" को प्रथम अङ्क कानून र न्यायको क्षेत्रमा कार्यरत् कानूनका प्राध्यापक एवं विद्यार्थीहरु, अनुसन्धानकर्ता, न्यायाधीशहरु एवं कानून व्यवसायीहरु लगायत कानूनको क्षेत्रमा कार्यरत सम्पूर्ण सरोकारवालाहरुलाई महत्वपूर्ण सन्दर्भ सामाग्री हुने विश्वास लिएको छु।

अन्त्यमा, अनुसन्धानमूलक पत्रिका "कानून परिचर्चा" को प्रथम अङ्क प्रकाशनका लागि लेख रचना उपलब्ध गराउनु हुने सम्पूर्ण लेखक, यसको सम्पादक समूह र नेपाल ल क्याम्पस परिवारलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । साथै "कानून परिचर्चा" को आगामी अङ्कहरुको निरन्तरताको लागि पनि शुभकामना व्यक्त गर्दछु। धन्यवाद !

(प्रा.डा.विजय सिंह सिजापती)
डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

Phone No.: 4226586, 4230516, P.O.Box No.: 19445, Exhibition Road, Kathmandu, Nepal
E-mail: foltribhuvanuniversity@gmail.com, Website: www.fol.edu.np

त्रिभुवन विश्वविद्यालय
कानून केन्द्रीय विभाग
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्या: .............
च.नं.:...............

मितिः २०७६, कार्तिक २७

## शुभकामना मन्तव्य

प्राज्ञिक र शैक्षिक क्षेत्रमा खोज अनुसन्धानमूलक लेखनको ठूलो महत्व रहन्छ । आधिकारिक तथ्यको खोज अनुसन्धाताको गहिरो अध्ययन र विश्लेषणपछि प्राप्त निश्कर्ष प्रस्तुत गर्नुका साथै सङ्कलित अध्ययन सामग्रीको स्रोत समेत खुलाइने हुनाले यस्ता लेख बढी प्रामाणिक र आधिकारिक हुने हुँदा यिनको महत्व पनि सार्वभौम र सार्वकालिक हुन्छ । अनुसन्धानात्मक लेखले अन्य जिज्ञासु अनुसन्धाता पनि अध्ययनका लागि उत्प्रेरित र निर्देशित हुन्छन् । अतः यस्ता गहन र प्रामाणिक लेखको प्राज्ञिक र शैक्षिक क्षेत्रमा उच्च महत्व हुन्छ । यसै कारण अहिले विभिन्न प्राज्ञिक र शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरूले यस प्रकारका लेखहरू सङ्कलित अनुसन्धानात्मक पत्रिकाको प्रकाशनलाई बढी महत्व दिँदै आएका छन् । कानून र न्यायको क्षेत्रमा पनि यस प्रकारका अनुसन्धानात्मक पत्रिकाको प्रकाशनलाई जोड दिइँदै आएको छ र यसै अनुरुप नेपाल ल क्याम्पसले पनि आफ्ना प्रकाशनलाई अनुसन्धानात्मक पत्रिकाका रूपमा प्रकाशन गर्दै आएको हो ।

यस अंकको पहिलो खण्डमा समावेश गरिएका अनुसन्धानात्मक लेखहरू र दोस्रो खण्डमा समावेश गरिएका अभिलेख सम्बन्धी विवरणहरूलाई सरसर्ती हेर्दा कानून र न्यायको क्षेत्रमा आवद्ध तथा रूचि राख्ने जो कोही अर्थात् प्राध्यापक, शोधार्थी/अनुशन्धानकर्ता, कानून निर्माणकर्ता, न्यायाधीश, सरकारी वकिल, कानून व्यवसायी, विद्यार्थी लगायत कानून र न्यायको क्षेत्रमा रूचि राख्ने व्यक्तिहरू लाभान्वित हुने कुरामा म विश्वस्त छु । यस प्रकाशनबाट सम्बद्ध क्षेत्रका व्यक्तिहरूले कानून र न्यायको क्षेत्रका महत्वपूर्ण अनुसन्धानमूलक सूचना र जानकारी प्राप्त गर्न सक्ने कुरामा दुई मत हुन सक्दैन । साथै यस प्रकाशनले अवश्य पनि प्राज्ञिक, शैक्षिक र अनुसन्धानात्मक क्षेत्रका लागि आवश्यक खुराक दिनेछ भन्ने कुरामा म विश्वस्त छु ।

नेपाल ल क्याम्पसबाट प्रकाशन गर्न लागेको **नेपाल कानून परिचर्चा**मा शुभकामना मन्तव्य दिनको लागि क्याम्पस प्रमुख डा.डी.एन. पराजुलीज्यूले अवसर दिनु भएकोमा वहाँप्रति आभार र कतृज्ञ छु । प्रकाशनका लागि गहन, विश्लेषणात्मक, सृर्जनात्मक र समीक्षात्मक लेखहरू उपलब्ध गराउनु हुने आदरणीय लेखकहरू, लेखहरूको भाषा सम्पादन गरी लेखलाई पाठकहरूको लागि सरल र बोधगम्य बनाउन भूमिका निर्वाह गर्नुहुने भाषाविद्, संरक्षक र सल्लाहकारज्यूहरू एवम् प्राविधिक कामको जिम्मेवारी इमान्दारीर्पूक वहन गर्नुहुने कर्मचारीहरू लगायत क्याम्पस परिवारप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु । साथै वार्षिक प्रकाशनको रूपमा प्रकाशित हुने **नेपाल कानून परिचर्चा**ले निरन्तरता पाओस् भनी शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. लक्ष्मीप्रसाद मैनाली

प्रमुख, त्रि.वि. कानून केन्द्रीय विभाग

कानून केन्द्रीय विभाग
प्रमुख

फोन: ९७७-०१-४२२१३१८, ०१-४२६८५७८, फ्याक्स: ९७७-०१-४२३२३०७, इमेल: info@nlc.edu.np, वेबसाईट: www.nlc.edu.np

त्रिभुवन विश्वविद्यालय
नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ...................
च.नं.: ............................

मितिः २०७६, कार्तिक २८

**मन्तव्य**

नेपालमा औपचारिक कानूनी शिक्षाको शुरूवात गर्ने ऐतिहासिक संस्था यस नेपाल ल क्याम्पसवाट विगत लामो समयदेखि न्याय र कानूनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याई आएको छ। मुलुकलाई आवश्यक पर्ने कानून र न्याय क्षेत्रका दक्ष जनशक्ति खासगरी कानून व्यवसायी, न्यायाधीस, सरकारी वकिल, प्राध्यापक, निजामती सेवा अन्तर्गत न्याय र कानून अधिकृत लगायत विभिन्न राष्ट्रिय र अर्न्तराष्ट्रिय संघ संस्थामा आवश्यक पर्ने दक्ष कानूनी जनशक्तिको उत्पादन मुख्यतः यही संस्थाबाट हुँदै आएको कुरा सर्वविदितै छ।

कानूनको अध्ययन अध्यापन सँगसँगै अनुसन्धान पनि कानूनी शिक्षाको अभिन्न विषय भएको सन्दर्भमा कानूनी शिक्षामा अनुसन्धानको महत्वलाई हृदयङ्गम गरि यस क्यापसबाट विगत लामो समयदेखि अंगेजी भाषामा **नेपाल ल रिभ्यु** जर्नल प्रकाशन हुँदै आएको छ। गत वर्षबाट समकक्षी पुनरावलोकन समेत गरी प्रकाशन शुरू गरिएको **नेपाल ल रिभ्यु**ले अंग्रेजी भाषामा कानून विषयमा अध्ययन अनुसन्धान गरी अनुसन्धानमुलक र प्राज्ञिक लेख रचना प्रकाशन गर्न इच्छुक अनुसन्धानकर्ता तथा अंग्रेजी भाषामा कानूनको अध्ययन गर्ने विद्यार्थीहरूलाई महत्यपूर्ण सहयोग पुऱ्याई आएको छ।

त्रिभुवन विश्व विद्यालय, कानून अध्ययन संस्थान (हाल संकाय) र केन्द्रिय कानून क्याम्पसको रूपमा रहेको नेपाल ल क्याम्पसबाट विगतमा त्रैमासिक रूपमा नेपाल कानून परिचर्चा प्रकाशन गर्न शुरू गरेकोमा विभिन्न कारणहरूले उक्त प्रकाशनले निरन्तरता नपाउँदा नेपाली भाषामा कानूनसँग सम्बन्धित अनुसन्धानमुलक लेख रचना प्रकाशनको कार्य यस संस्थाबाट पुनः शुरू गर्नुपर्ने माग कानूनका शिक्षक तथा विद्यार्थीहरूबाटसमेत समय-समयमा भई आएको थियो। यसै कुरालाई मध्यनजर गर्दै यस वर्षदेखि नेपाल ल क्याम्पसबाट नेपाली भाषामा **नेपाल कानून परिचर्चा** पत्रिकाको पुनः नियमित प्रकाशन गर्ने शुरूवात गरिएको छ।

नेपालमा विगतका केही दशकदेखि भएका राजनैतिक आन्दोलन, नयाँ संविधानको निर्माण र कार्यान्वयन पछिको संवैधानिक व्यवस्था, शासन प्रणाली र शासकीय ढाँचामा भएका परिवर्तनहरू, लामो समय सम्म कायम रहेको मुलुकी ऐनको खारेजी र नयाँ संहिता कानूनहरूको कार्यान्वयन तथा विधायिकाले निरन्तर निर्माण गरिरहेका नवीनतम् कानूनहरूका विषयमा प्राज्ञिक क्षेत्रबाट विधिशास्त्रीय अध्ययन

क्याम्पस प्रमुख

फोनः ९७७-०१-४२२५३५८, फ्याक्सः ९७७-०१-४२२२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np

# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


पत्र संख्याः ..................
च.नं.: ..............................

अनुसन्धान गर्नु अपरिहार्य नै भएको छ । त्यसमा पनि कानून संकाय अन्तर्गत संचालित विभिन्न तहका पाठ्कमहरूमा समेत समय सापेक्ष सुधार र परिमार्जन गर्दै कानूनी शिक्षालाई थप गुणस्तरीय, व्यवहारिक , शिपमुलक र अनुसन्धानमुलक वनाई प्रतिस्पर्धी र क्षमतावान् कानूनी जनशक्ति उत्पादन गर्नु पर्ने सन्दर्भमा यस पत्रिकाको प्रकाशनको पुनःआरम्भ भएबाट नेपाली भाषामा कानून अध्ययन गर्न चाहने विद्यार्थीहरू, अनुसन्धानकर्ताहरू तथा पाठकहरूलाई थप सहयोग पुग्नेछ भन्ने अपेक्षा गरिएको छ ।

त्रिभुवन विश्व विद्यालयमा रहेका विभिन्न संकायहरूमध्ये कानून संकाय अर्न्तगत सञ्चालित विभिन्न शैक्षिक कार्यक्रम अन्तर्गत विभिन्न विषयहरूको अध्ययन अध्यापन गर्ने गराउने पाठ्यक्रंहरूमा समेत अनुसन्धान पक्षलाई पर्याप्त ध्यान पुऱ्याउन नसकिरहेको अवस्थामा नियमित पाठ्क्रमहरूको अध्ययन अध्यापनका अतिरिक्त अनुसन्धानलाई पनि अध्ययन अध्यापनकै अभिन्न अंगको रूपमा लैजानका लागि पनि भाषागत असजिलो नहोस् भनी यस क्याम्पसवाट नेपाली भाषाप्रति इच्छुक अनुसनधानकर्ताहरूका लागि नेपाली भाषामा **नेपाल कानून परिचर्चा** र अंग्रेजी भाषामा रूची राख्नेहरूका लागि अंग्रेजी भाषामा **नेपाल ल रिभ्यू** प्रकाशन गरिने भएको छ । आगामी अंकदेखी दुवै प्रकाशनहरू समकक्षी पुनरावोकन गराई थप अनुसन्धानमुलक र गुणस्तरीय प्राज्ञिक जर्नलका रूपमा नियमित प्रकाशन गर्ने अठोट गरिएको छ ।

अन्त्यमा नेपाल ल क्याम्पसवाट प्रकाशन गरिएको प्रस्तुत **नेपाल कानून परिचर्चा** पत्रिकाको यस अङ्कमा आफ्नो शुभकामना उपलब्ध गराउनु हुने कानून संकायका डीन प्रा. डा. श्री विजयसिंह सिजापतिज्यूप्रति हार्दिक धन्यवाद दिदै शुभकामना मन्तव्यसहित प्रकाशनको सम्पूर्ण जिम्मावारी लिई सम्पादकको महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने कानून केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. श्री लक्ष्मीप्रसाद मैनालीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी नेपाल कानून परिचर्चा पत्रिकाको यस अंकका लागि लेख तथा रचनाहरू उपलब्ध गराईदिने विद्वान लेखकज्यूहरू तथा प्राप्त लेखहरूको भाषा सम्पादन गरिदिनुहुने प्रा.डा. गंगा प्रसाद अधिकारीज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै पत्रिकालाई यस रूपमा प्रकाशन गर्न आवश्यक सामग्री संकलनमा सहयोग गर्ने क्याम्पसका पुस्तकालय अधिकृत श्री विजय पोखरेल, प्राविधिक रूपमा अथक सहयोग गर्ने कर्मचारीहरू श्री किशोर सापकोटा तथा श्री मेकवहादुर रानालाई विशेष धन्यवाद दिन चाहन्छु ।

.......................
डा.डी.एन. पराजुली
क्याम्पस प्रमुख
क्याम्पस प्रमुख

फोनः ९७७-०१-४२२५३५८, फ्याक्सः ९७७-०१-४२३२२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np

# सम्पादकीय

**नेपाल कानून परिचर्चा** नामक त्रैमासिक प्रकाशन त्रिभुवन विश्वविद्यालय कानून अध्ययन संस्थानबाट वि.सं. २०३४ सालमा प्रारम्भ गरिएको थियो । जि.का.का.द.नं. ५१-२०३४ मा दर्ता गरी २०३४ वैशाख-असारमा वर्ष १, अंक १ बाट प्रकाशन थालिएको यो पत्रिका वि.सं. २०४२ (सन् १९८४) मा कानून अध्ययन संस्थान कानून संकायमा रूपान्तरण भएपछि कानून संकाय डीन कार्यालयबाट प्रकाशन गर्न थालियो । कानून संकाय डीन कार्यालयमा स्रोत, साधन र बजेटको अभाव खड्किएको कारणले त्रैमासिक प्रकाशन गर्ने जिम्मेवारी नेपाल ल क्याम्पसमा हस्तान्तरण भयो । नेपाली र अंग्रेजी दुबै भाषामा लेखिएका लेखकहरू समेटिएको यो प्रकाशन २०४९ सालको आश्विन महिनामा वर्ष ११, अंक २, पूर्णाङ्क ४२ पश्चात् बन्द भयो । अंगेजी भाषामा लेखिएका लेखहरूलाई समेटेर **नेपाल कानून परिचर्चा** नामक प्रकाशनको निरन्तरता दिने सन्दर्भमा नेपाल ल क्याम्पसले **Nepal Law Review** नामको अंग्रेजी जर्नल वार्षिक रुपमा प्रकाशन गर्दै आइरहेको छ । हाल यो जर्नल **A Peer Reviewed Journal** को रूपमा प्रकाशन हुँदै आएको छ ।

सामान्यतः अङ्ग्रेजीका भन्दा नेपाली भाषाका पाठकको सङ्ख्या बढी हुने र त्यस प्रकारको प्रकाशनको माग पनि पहिलेदेखि नै आइरहेको हुनाले यस वर्षदेखि सो मागलाई पनि सम्बोधन गरी क्याम्पसले नेपालीमा पनि एउटा जर्नल प्रकाशन गर्ने निधो गऱ्यो । त्यसै सिलसिलामा नयाँ प्रकाशन थाल्नुभन्दा पनि २७ वर्ष अघि प्रकाशन बन्द भएको **नेपाल कानून परिचर्चा**लाई नै निरन्तरता दिनु उपयुक्त हुने देखी त्यसलाई नै शोधपत्रिका (जर्नल) का रूपमा प्रकाशन गर्ने निर्णय भएअनुसार यो अङ्कलाई त्यसकै पहिलो कडीका रूपमा प्रकाशन गरिएको हो । यसबाट **नेपाल कानून परिचर्चा**ले निरन्तरता पाई यसको विरासत पनि जीवित भएको छ भने सामान्य त्रैमासिक प्रकाशनबाट वार्षिक अनुसन्धानात्मक प्रकाशनको रूप प्राप्त गरी यसको स्तरीकरण पनि भएको छ । यसरी अहिलेबाट यी दुवै जर्नलहरू समानान्तर रूपमा प्रकाशन गर्न हामी सफल भएका छौं । दुवै प्रकाशनलाई निरन्तरता दिन पनि हामी प्रतिबद्ध छौं । यसले कानूनका क्षेत्रमा सबै खाले पाठकलाई समेट्ने कुरामा विश्वस्त पनि छौं ।

**नेपाल कानून परिचर्चा**को यो अंकलाई **लेख खण्ड** र **अभिलेख खण्ड** गरी दुई खण्डमा वर्गीकरण गरिएको छ । **लेख खण्ड**मा नेपाल ल क्याम्पसमा प्राध्यापनरत सम्पूर्ण शिक्षकहरूलाई लक्षित गरी क्याम्पसले मिति २०७५ मंसिर २८ र २९ गते होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाडौँमा आयोजना गरेको **मुलुकी देवानी तथा फौजदारी संहिता, २०७४ विषयक शिक्षक अभिमुखीकरण कार्यक्रम**मा विषयगत विज्ञहरूद्धारा प्रस्तुत कार्यपत्र लगायत कानून तथा न्याय क्षेत्रका अन्य अनुसन्धानात्मक, विश्लेषनात्मक र समीक्षात्मक लेखकहरूलाई समेटिएको छ ।

**नेपाल कानून परिचर्चा**को मुख्य उद्देश्य समसामयिक कानून विषयको पुनरावलोकन, सिंहावलोकन, न्यायिक पुर्नपरीक्षण र समीक्षा गर्नु हो । यस प्रकाशनमा समेटिएका अनुसन्धानमूलक, विशेषणात्मक, सृजनात्मक र समीक्षात्मक लेखहरूले यसको उद्देश्य पूरा गर्नेछन् भन्ने हामीले विश्वास लिएका छौं । यस प्रकाशनलाई कानून र न्यायको क्षेत्रसँग सम्बद्ध प्रखर व्यक्तिहरूको संयुक्त बौद्धिक बहस र विमर्शको साझा चौतारी वा मञ्चको रूपमा हेर्न सकिन्छ भने अर्कोतिर यसलाई कानून र न्याय क्षेत्रका व्यक्तिहरूको बौद्धिक दपर्णको रूपमा पनि हेर्न सकिन्छ । यो प्रकाशन कानून र न्यायको क्षेत्रमा अभिरूचि राख्ने सम्पूर्ण पाठकहरू अर्थात् कानूनका शिक्षक, शोधकर्ता, विद्यार्थी, कानून निर्माणकर्ता, नीति र योजना तर्जुमाकर्ता, न्यायाधीश, न्यायाधिवक्ता, कानून व्यवसायी लगायत सर्वसाधारण जिज्ञासु सबैको लागि निश्चय पनि लाभप्रद होला भन्ने कुरामा हामी विश्वस्त छौं ।

यस अंकको **अभिलेख खण्ड**मा त्रिभुवन विश्वविद्यालय कानून संकाय, कानून केन्द्रीय विभाग र नेपाल ल क्याम्पसको प्राज्ञिक, शैक्षिक र अनुसन्धानात्मक क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण विवरणहरू लगायतका विषयहरू समावेश गरिएका छन् । यसबाट सम्बद्ध क्षेत्रको जानकारी राख्न चाहने जो कोही लाभान्वित हुने कुरामा हामी विश्वस्त छौं ।

ISSN National Centre for Nepal को रुपमा रहेको Nepal National Library, Harihar Bhawan, Lalitpur Metropolitan City बाट यस अंकदेखि क्रमिक रूपमा आउने प्रकाशनको शीर्षकको पहिचान गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय रुपमा स्वीकृत संकेत पद्धतिको रूपमा रहेको *ISSN (The International Standard Serial Number)* अर्थात् *अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको क्रमसंख्या* लिने कार्यको थालनी गरिएको छ । प्रकाशनको प्रत्येक लेखमा भरसक पाद- टिप्पणीलाई एकरूपतामा ल्याउने प्रयास गरिएको छ ।

**नेपाल कानून परिचर्चा**को प्रकाशन धेरै व्यक्तिहरूको सामूहिक प्रयासको प्रतिफल हो । आदरणीय विद्वान् लेखकज्यूहरूबाट स्तरीय लेख प्राप्त भएकाले नै यस प्रकाशनले मूर्त रूप लिन पाएको हो । यसका लागि विद्वान् लेखक महोदयहरूप्रति आभारी र कृतज्ञ छु । निरन्तर सहयोगको लागि आग्रह पनि गर्दछु । यस प्रकाशनका लागि शुभकामना मन्तव्य दिनुहुने त्रिभुवन विश्वविद्यालय कानून सङ्कायका डीन प्रा.डा. विजयसिंह सिजापतीज्यू र नेपाल ल क्याम्पसका क्याम्पस प्रमुख डा. डी.एन. पराजुलीज्यूप्रति आभारी हुँदै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल ल क्याम्पस कार्य समितिको मिति २०७५/१२/२९ को निर्णयबाट मलाई योग्य र सक्षम ठानी **नेपाल कानून परिचर्चा**को सम्पादकमा मनोनयन गरी सम्पादनको जिम्मा दिएकोमा क्याम्पस प्रमुखज्यू र कार्य समितिका सदस्यज्यूहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अभिलेख खण्डको लागि महत्वपूर्ण विवरण लगायतका विषयहरू उपलब्ध गराई प्रकाशनमा विशेष सहयोग पुऱ्याउनु हुने प्रा.डा. अम्वरप्रसाद पन्त, कानून संकायका सहायक डीन श्री कृष्णप्रसाद बस्याल, सहायक क्याम्पस प्रमुख श्री नविनकुमार सुब्बा, बी.ए.एलएल.बी. कार्यक्रम निर्देशक श्री लक्ष्मी शर्मा, त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ, नेपाल ल क्यापम्स ईकाइका सचिव सह-प्राध्यापक श्री विनोद बस्याल, नेपाल ल क्याम्पस कर्मचारी संघ ईकाइका सभापति पुस्तकालय अधिकृत श्री विजयकुमार पोखरेल, शाखा अधिकृत श्री सीता घिमिरे, मुख्य पुस्तकालय सहायक श्री शरणकुमार कुईंकेल, कार्यालय सहयोगी श्री पवित्रा श्रेष्ठ, कानून संकायका मुख्य कार्यालय सहायकद्वय श्री ललिता के.सी. र श्री सुस्मिता चापागाईं तथा एलएल.एम. चौथो सेमेष्टरमा अध्ययनरत विद्यार्थी एवं अधिवक्ता श्री हरिप्रसाद पंगेनीप्रति आभार व्यक्त गर्दछु ।

रत्न राज्यलक्ष्मी क्याम्पसका प्रा.डा.गंगाप्रसाद अधिकारीज्यूले भाषा सम्पादन गरेर सहयोग पुऱ्याउनु भएकोमा म वहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस प्रकाशनको सम्पूर्ण प्राविधिक कामको जिम्मेवारीलाई सफलतापूर्वक सम्पन्न गर्ने विद्यावारिधि शोधार्थी तथा क्याम्पसमा अध्यापनरत श्री किशोर सापकोटा, मुख्य प्राविधिक सहायक (कम्प्युटर) श्री मेकबहादुर रानामगर र परिचर्चाको डिजाइन/ले-आउट गर्नु हुने श्री ज्ञानु महर्जन धन्यवादका पात्र हुनुहुन्छ । यस कार्यमा प्रत्यक्ष-परोक्ष सहयोग पुऱ्याउने अन्य प्राध्यापक, कर्मचारी, विद्यार्थी लगायत सम्पूर्ण क्याम्पस परिवारसमेतलाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, आगामी दिनहरूमा समेत म सबै आदरणीय पाठकहरूको सद्भावना र सहयोगको अपेक्षा गर्दछु । अस्तु !
२०७६, कार्तिक २७

# लेख खण्ड

# विषय सूची


पृष्ठ

- मुलुकी देवानी संहिता, २०७४ मा उल्लिखित करार तथा अन्य दायित्वसम्बन्धी व्यवस्था १
  – ***प्रा.डा. भरतबहादुर कार्की***
- मुलुकी अपराध संहिता, २०७४ का मूलभूत विशेषता, संरचना र फौजदारी न्यायका सिद्धान्त एवम् यसले गरेका नयाँ व्यवस्थाहरू : एक छलफल १८
  – ***प्रा.डा. रजितभक्त प्रधानाङ्ग***
- मुलुकी देवानी संहिता, २०७४ मा व्यक्तिसम्बन्धी व्यवस्था ३३
  – ***प्रा.डा. कृष्ण बेलबासे***
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा उल्लिखित आधारभूत व्यवस्थाहरू ४७
  – ***प्रा.डा. नूतनचन्द्र सुवेदी***
- मुलुकी अपराध संहिता, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका बालबालिकासम्बन्धी व्यवस्था ७३
  – ***प्रा.डा. लक्ष्मीप्रसाद मैनाली***
- मुलुकी देवानी संहिता, २०७४ मा पारिवारिक कानूनसम्बन्धी व्यवस्था ९६
  – ***प्रा.डा. शशीकुमारी अधिकारी राउत***
- नेपालमा सङ्क्रमणकालीन न्याय र अदालती दृष्टिकोण १२३
  – ***कृष्णजीवी घिमिरे / मीना गुरूङ***
- स्वतन्त्र र निष्पक्ष निर्वाचन १४६
  – ***गणेशदत्त भट्ट***
- विद्युतीय उपकरण र मतदान : मतदान पद्धतिमा नयाँ आयाम १६०
  – ***डा. गोविन्द गौतम***
- महिलाको सम्पत्तिसम्बन्धी अधिकार १६५
  – ***कृष्णप्रसाद बस्याल***
- मौलिक हकहरू कार्यान्वयन प्रयोजनार्थ लागू गरिएका केही नयाँ कानूनहरू १७२
  – ***विनोद बस्याल***
- बालबालिका गलत मार्गमा लाग्नुका कारणहरू १८८
  – ***विवेककुमार पौडेल***
- मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा भएको बालबालिकासम्बन्धी व्यवस्था १९७
  – ***डा. डी.एन. पराजुली***

- प्रतिनिधि सभा र राष्ट्रिय सभाबीचको अन्तरसम्बन्ध २०८
  – ***श्यामकुमार भट्टराई***
- देवानी दायित्व र प्राप्त हुने उपचार : मुलुकी देवानी संहिता, २०७४ को सन्दर्भ २१९
  – ***डा. दिवाकर भट्ट***
- वास्तविक नेपाली नागरिक राज्यविहीन हुन नहुने र गैरनागरिकले नागरिकता प्राप्त गर्न नहुने २३२
  – ***डा. चन्द्रकान्त ज्ञवाली***
- स्थानीय स्तरमा न्यायिक निकाय र अभ्यास २४८
  – ***शुभनराज आचार्य***
- आर्थिक कानूनको शाखा २५९
  – ***कमलराज थापा***
- नेपालमा कानून निर्माण प्रक्रियामा देखिएका चुनौतीहरूबारे सैद्धान्तिक विश्लेषण २७२
  – ***बलरामप्रसाद राउत***
- संविधानको धारा १५८ (२) को व्याख्या, कपटपूर्ण विधायन निर्माण र मानवअधिकार आयोगको सिफारिसको हैसियत २८५
  – ***तेजमान श्रेष्ठ***
- मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडितलाई प्रदान गरिने क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण ३०६
  – ***सोमकान्ता भण्डारी***
- मुलुकी देवानी संहिताका मूलभूत केही विशेषताहरू ३२२
  – ***विष्णु लुइटेल***
- रोजगारी तथा ट्रेड युनियनको अधिकारमा संघीय श्रम कानून ३३४
  – ***अवतार न्यौपाने***
- लागू औषध दुरूपयोग तथा ओसारपसारसम्बन्धी अपराध नियन्त्रणका लागि विद्यमान कानूनी प्रावधानहरू ३५२
  – ***किशोर सापकोटा***
- मानवअधिकार, विश्वव्यापी मान्यता, अन्तर्राष्ट्रिय कानून र नेपालको वर्तमान संविधान ३६५
  – ***प्रेमराज सिलवाल***
- मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा प्रयुक्त स्वच्छ सुनुवाइ तथा 'अन्वेषण' को प्रयोगबारे विधिशास्त्रीय अवधारणा ३७८
  – ***रोशनकुमार झा***
- नेपालमा सङ्क्रमणकालीन न्यायको अवधारणा : एक विवेचना ४०१
  – ***मनिष नेपाल***
- क्याम्पस पुस्तकालय: एक परिचय ४२२
  – ***विजयकुमार पोखेल***